# योजना प्रक्रिया, कार्यान्वयन र फरफारक कार्यविधि, २०७५

**प्रस्तावना**

स्रोत परिचालनमा मित्व्ययिता, कुशलता, प्रभावकारिता र एकरुपता कायम गर्दै संघीय एंव प्रदेश सरकार तथा विकास साझेदारहरुबाट प्राप्त स्रोत, साधन, नगरपालिकाको आन्तरिक राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त आयलाई गरीब, सामाजिक एवं आर्थिक रुपले पछाडी परेका वर्ग, समुदाय एवं क्षेत्रको पहँच र स्वामित्व स्थापित हुने गरी समन्वयात्मक रुपमा परिचालन गरी पारदर्शी, जनमुखी, मित्व्ययी, उत्तरदायी, समावेशी र सहभागितामुलक बिकासको माध्यमबाट गरिबी न्यूनिकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी प्यूठान नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

**भाग १**

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम योजना प्रक्रिया, कार्यान्वयन र फरफारक कार्यविधि, २०७५ हुनेछ ।

(ख) यो कार्यविधि प्यूठान नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**भाग २**

**२. परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ र नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

२. “आर्थिक नियम” भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ ।

३. “नगरपालिका” भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ ।

४. “नगर प्रमुख” भन्नाले प्यूठान नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

५. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्यूठान नगरपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

६. “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

७. “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भएका गैर नाफामूलक, सामाजिक, जनहितकारी संस्था सम्झनु पर्दछ ।

८. “योजना” भन्नाले नगरपालिकाको सर्वाङ्गिण विकासका लागि तयार पारिएको आवधिक, वार्षिक, क्षेत्रगत तथा नगर बिकास गुरुयोजनालाई सम्झनु पर्दछ ।

## भाग ३

### ३. सहभागितामुलक

स्थानीय सरकार सञ्चालन ऐ, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले योजना तर्जुमा तथा कार्यन्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद, सिमान्तकृत, यूवा, अल्पसंख्यक, अपाङ्गता भएमा, जेष्ठनागरीक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा जोड गर्नुपर्नेछ ।

### ४. योजना बनाउदा तर्जुमा गर्दा ध्यान दिनुपर्ने

(१) योजना तर्जुमा गर्दा नेपाल सरकार, र प्रदेशसरकारको नीति लक्ष्य उदेश्य, समयसीमा र प्रक्रिया संग अनुकुल हुनेगरी गरिबी निवाण, विपद व्यावस्थापन, लैगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धलाई ध्यान दिनुपर्ने

(क) स्रोत साधनको पूर्वाअनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याकन योजना
(ख) नेपाल सरकार तथा प्रदेश सरकारको विशेष कार्यक्रम संञ्चालन तथा कार्यान्वयन
(ग) संघीय र प्रदेश सरकारको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने
(घ) स्थानीय तहका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रमाण मूल्याकन गर्ने
(ङ) नेपाल सरकार र प्रदेश सरकार को संयूक्त लगानीमा कुनै आयोजना संञ्चालन हुने भए सोको पूर्ण व्यावस्था गरी संञ्चालन गर्ने ।

### ५. योजना तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने

(१) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान गर्ने
(२) उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने
(३) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
(४) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, आफै सेवा परिचालन गर्ने र कम लागत
(५) स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग
(६) महिला, बालबालिका तथा पिछडिका वर्गलाई प्रत्यक्ष लाभ पग्ने

(७) लैङ्गिक समानता र सामाजिक समावेशीकरण
(८) दिगो विकास, वातावरणिय संरक्षण तथा सम्बर्द्धन मा सघाउने
(९) भाषिक तथा सांस्कृतीक पक्षको जगेर्ना सामाजिक सद्भाव तथा एकता अभिवृद्धि गर्ने
(१०) महिला, बालबालिका, जनजाती, दलित तर्फ लक्षित कार्यक्रम बनाउँदा स्थानीय स्रोतको उपयोग परम्परागत शिपको जर्गेना, आयमूलक कार्य संञ्चालन गर्ने किसिमका कार्यहरुलाई ७० प्रतिशत र अन्य सशक्तिकरणका पक्षमा ३० प्रतिशत मात्र लगानी गरिने छ ।
(११) पर्यटन तथा प्रवर्द्धन कार्यक्रमहरु निमार्ण गर्दा प्रत्यक्ष रुपमा सम्बन्धित गाँउ टोल का वासिन्दालाई आयश्रोतको वृद्धिहुने किसिम बाट तयार गरिने छ ।

## ६. योजना तर्जुमा प्रक्रिया

(१) पार्श्वचित्र हेर्ने,
(२) आय व्ययको प्रक्षेपण गर्ने,
क) आफ्नो स्रोतबाट संङ्कलन हुन सक्ने अनुमानित राजश्व
ख) राजश्व बाँडफाँड प्राप्र हुन सक्ने अनुमानित राजश्व
ग) अनुदानबाट प्राप्त हुने अनुमानित राजश्व

३. स्रोतको अनुमान तथा बजेट सिमा निर्धारण बैठक बस्ने

४. योजना तर्जुमा पूर्व तयारी गोष्ठि गर्ने

५. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन

६. बस्ती एंव टोलस्तरबाट आयोजना तथा कार्यक्रम छनौट

७. वडास्तरमा आयोजना तथा कार्यक्रम प्राथमिकरण

क) बस्तीबाट प्राप्त योजना तथा कार्यक्रम छनौट गर्ने/परामर्श गर्ने
ख) प्राथमिकिकरण गर्ने
ग) पहिलो/दोश्रो,/तेश्रो खुलाई पठाउने
घ) विवाद परेमा वडा भित्रका समुदायहरुको पूर्ण उपस्थितिमा नम्बर दिएर प्राथमिकता खुलाउने
ङ) बजेट निर्माण १४ चरण अनुसारका प्रक्रिया पुरा गर्ने

## ७. विषयगत क्षेत्र अनुसार योजना निर्माण तथा एकिकरण

| **१) विकासका योजनाहरु** | **कुल विकास बजेटको** |
| --- | --- |
| क) आर्थिक विकास | २५ प्रतिशत |
| ख) सामाजिक विकास | २० प्रतिशत (शसर्त बाहेक) |
| ग) पूर्वाधार विकास | ३५ प्रतिशत (संघ र प्रदेश बाहेक) |
| घ) वातावरण तथा विपद व्यवस्थापन | १० प्रतिशत |
| ङ) संस्थागत विकास | ५ प्रतिशत |
| च) सेवा प्रबाह र सुशासन | ५ प्रतिशत |

२) उपरोक्त बजेट बजेत बनाउँदा कुल अनुमानित रकममा समपूरक मर्मत संम्भार, भैपरी आउने, बजेट आर्जित र प्रशासनिक खर्च कटायर बाँकि रहेकोलाई बाँडफाँड गरिने छ ।

३) निर्माण सम्बन्धि कार्यक्रम कम्तीमा ५ लाखको, मर्मत संम्भारको वढिमा २ लाख र ३ वटा तालिम/गोष्ठि/आवश्यकता अनुसार ५० हजार भन्दा साना कार्यक्रम छनौट गरिने छैन ।

४) बार्षिक कार्यक्रम बनाउँदा मर्मत संम्भार कोष, समपुरक कोष, कन्टिजेन्सी र भैपरि कोषको व्यवस्था गरेर मात्र बजेट तयार गरिने छ ।

५) एकिकृत बजेट निर्माण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिले छलफल एंव स्वीकृत गरि नगर कार्यपालिकामा पेश गर्नेछ ।

६) कार्यपालिकामा छलफल तथा स्वीकृती पश्चात नगरसभामा आषाढ १० गते भित्र पेश गर्नु पर्नेछ ।

७) सभाबाट पारित सभाले आषाढ मसान्त भित्र पारित गरि सक्नेछ ।

## ८.योजना तथा कार्यक्रमको सार्वजनिकरण

नगरसभाबाट पारित वार्षिक योजना तथा कार्यक्रम, सार्वजनिक सरोकारका लागि पत्र पत्रिका, वेवसाइट, सूचना पाटी तथा वडा कार्यालयमा समेत टाँस गरी प्रवक्ता मार्फत सूचना सार्वजनिक गर्ने ।

## ९. योजना कार्यान्वयन

१) संञ्चालन कार्ययोजना बनाउने

२) कार्यान्वयन विधिको छनौट

- क) ठेक्कापट्टा
- ख) उपभोक्ता समिति
- ग) करार
- घ) अमानत
- ङ) गैर सरकारी संस्था
- च) टोल विकास संस्था

३) योजना कार्यान्वयन गर्दा उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ अनुरुप संञ्चालन गर्ने व्यवस्था गर्ने र त्यसमा नगरपालिका पदाधिकारीहरु उपभोक्ता समितिमा बस्न पाइने छैन ।

४) खरिद योजना बनाउने र कार्यान्वयन गर्ने ।

५) ठेक्का/उपभोक्ता/सेवा करार/निर्माण/तालिम सम्बन्धि कार्य संझौता गरेर मात्र गरिने छ । काम गरिसकेपछि कागजात जुटाउने प्रवृत्तिलाई निरुत्साही गरिने छ । समायावधि समाप्त भै आएका विल भरपाईहरुको भूक्तानी कार्यपालिकाको निर्णय वेगर हुने छैन ।

६) विनियोजित बजेट अनुसार मात्र कार्यक्रम संञ्चालन गरिने छ कुनै कारण वस थप भुक्तानी दिने अवस्थामा वडा कार्यालको सिफारिसमा सम्झौता गरेर मात्र कार्य अगाडी बढाईनेछ ।

७) कार्यक्रम संञ्चालनको क्रममा कम्तीमा ३ पटक को अनुगमन गरिने छ । (वडाबाट १ र नगरपालिका स्तरबाट २ पटक)

८) अनुगमन सिफारिस नभै  भुक्तानी फरफारक हुने छैन ।

९) प्रभाव मूल्याकन/आवश्यकताको पहिचान राम्रोसंग गरेर कार्यान्वयन गर्नुपर्नेछ ।

१०) एकपटक नगरसभा बाबट पारित भएका कार्यक्रम संशोधन गरिने छैन तर एकै प्रकृतिको एउटै वडामा संञ्चालन भएका कार्यक्रम बाट अर्को सोहि प्रकृतिको कार्यक्रममा सभाको निर्णयानुसार/कार्यपालिकाको निर्णयबाट हेरफेर गर्न सकिने छ ।

## १०.<u>कार्यक्रम संञ्चालन गर्दा निम्न विधि अपनाईने छ</u>

(१) प्रत्येक वडाबाट कार्यतालिका बनाई कार्य संञ्चालन गरिने छ ।

(२) खरिद योजना अनुसार कार्य संञ्चालन गरिने छ ।

(३) कार्यक्रम तथा योजना स्वीकृत भएपछि सार्वजनिक गरिने छ ।

(४) १ महिना भित्र उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका अध्यक्ष/सचिव/कोषाध्यक्ष लगाएतका पदाधिकारीहरुको ३ दिने योजना संञ्चालन/खरिद प्रकृया/निर्माण तालिका/सार्वजनिकरण फरफारक सम्बन्धी तालिम दिईने छ ।

(५) ५ लाख देखीका हरेक योजना को शुरुमा वा निर्माण स्थलमा होडिङ वोर्ड अनिवार्य रुपमा राखिने छ ।

(६) दैवी प्रकोप/अति आवश्यक अवस्थामा बाहेक सम्झौता नगरि गरेको कार्यको भुक्तानी गरिने छैन ।

(७) कार्य सम्पन्न भएको बजेट स्वीकृत भएको तर सम्झौतानै  नगरि संञ्चालन गरेको कामको भुक्तानी दिइने छैन ।

(८) तालिम, सशक्तिकरण जस्ता कार्यक्रम संञ्चालन गर्दा सम्बन्धीत विषयविज्ञ TOT (सम्बन्धीत विषयको) लिएको जनशक्ति बाट गराइने छ । यसरी तालिम गराउँदा व्याक्तिगत विवरण अनिवार्य पेश गर्नुपर्ने छ । सरकारी कर्मचारी भए कार्यालयको अनुमति पत्र वा विदा स्वीकृत भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(९) तालिम सम्बन्धी स्थानीय तहको Norms प्रयोग गरिने छ र सोको उल्लेख नभएको विषयमा अर्थ मन्त्रालयले तयार गरेको Norms र सो पनि नभएमा कार्यपालिकाबाट फुटकररुपमा निर्णय गरी कार्यान्वयन गरिने छ ।

(१०) पूर्वाधार जन्य कार्यक्रम संञ्चालन गर्दा स्थानीयस्तरको निर्माण सामाग्रीहरुको प्रयोाग सकेसम्म उपभोक्ताकै सहभागितामा संकलन तथा ढुवानी व्यावस्था मिलाउनु पर्नेछ ।

(११) दर विश्लेषण गर्दा वार्षिक रुपमा स्थानीय तहको दररेट बनाइने छ यस्तो दररेट गराउँदा जिल्लास्तरको भन्दा बाहिर को बनाइने बनाइने छैन ।

(१२) कृषि, पशु, पंक्षि, बन सम्बन्धी कार्यहरु संञ्चालन गर्दा स्थानीय स्तरमा आवश्यकता के कति छ सोको आपूर्ति हुने र सो भन्दा बढि उत्पादन भएपछि अकौ पालिका वा अन्य नजिकको बजार सम्म कृषकहरुको मनोवल बृद्धि हुनेगरी कार्यक्रम संञ्चालन गरिने छ ।

(१३) तालिम, शसक्तिकरण, प्रवृर्द्धन जस्ता कार्यक्रम संञ्चालन गर्दा उच्चस्तरको प्रस्ताव स्वीकृत गरि संञ्चालन गरिनेछ र कार्यक्रम सम्पन्न भै सकेपछि सहभागिताको सार्वजनिकरण सहित प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(१४) ठेक्कापट्टा बाट संञ्चालित कार्यमा पूर्वानुमान गर्दा नै २/३ पटक आवश्कताको पहिचान गरि लागत अनुमान बनाउनु पर्नेछ । स्थान अभाव वा नक्सानै बदल्नु पर्ने अवस्थामा बाहेक प्राविधिक कमजोरी बाट थपलागत लाग्ने कामका इकाई थप हुने भएमा लागत अनुमान नक्शा निर्माण गर्ने सेवा प्रदायक वा प्राविधिक लाई कारवाही गरि मात्र थप कामको स्वीकृती गरिने छ । यस्तो कार्य उपभोक्ता बाट संञ्चालन हुनेमा समेत लागु गरिने छैन ।

(१५) उपभोक्ता (लाभ ग्राही) संस्था बाट संञ्चालन हने सम्पूण कार्यहरुमा कम्तीमा १५ प्रतिशत लागत सहभागिता मा संञ्चालन गरिने छ । रु.२,००,०००।- भन्दा माथिका योजनामा १५ प्रतिशत नगद रकम दाखिला गरेर मात्र योजना संञ्चालन गरिने छ ।

(१६) ५०/५० लागत सहभागितामा संञ्चालन हुने कार्यक्रम संञ्चालन गर्दा टोल विकास संस्था/लाभग्राहीको माग बमोजिम प्राविधिक बाट लागत अनुमान तयार गरी समलग्न राखि सम्झौता गरिने छ । ५० प्रतिशित बाट भएको काम सम्पन्न भै खाता Nil भएपछि मात्र अनुदानको रकम निकासा गरिने छ ।

(१७) स्थानीय स्तरमा संञ्चालनमा रहेका कृषि, पशु, बन, घरेलु महिला तथा वालवालिका सम्बन्धी कार्यहरु सबै स्थानीय करण भएको परिप्रेक्षमा जिल्लामा कार्यान्वयनमा रहेका NGO/INGO को कार्यक्रमहरु नगर सभाको निर्णय वेगर संञ्चालन हुन नदिने साथै एकै प्रकृतिको काम एकै ठाँउमा संञ्चालन गरिने र कार्यक्रम बनाउँदा कै बखत ति कार्यक्रमहरु छलफल गरेर मात्र स्वीकृत गर्ने ।

(१८) कृषि, घरेलु, वन, पशु, जस्ता कार्यक्रम संञ्चालन गर्दा स्थानीइ स्तरमा संञ्चालनमा रहेको वाणिज्य बैंक, विकास बैंक, सहकारी, कृषि विकास बैंकका लगानी का क्षेत्रहरु त्यसको प्रभावकारीता र राजगारिता लाई विशेष ख्याल गरेर मात्र कार्यक्रम स्वीकृत गरी संञ्चालन गरिने छ ।

(१९) साना उद्योग व्यवसाय को टेवाको लागि कमलगायत मा धेरै उत्पादन हुने कार्यक्रमका छनौट गरि व्यावसायीक वनाउन रिभल्वीङ्ग फण्डको व्यवस्थापक गरिने छ । पूर्ण अनुदान निरुत्साहित गरिने छ ।

(२०) दलित, जनजाती, महिला, अपाङ्ग, जेष्ठ नागरिक जस्ता लक्षित कार्यक्रम छनौट गर्दा रोजगार मुलक, आयमुलक कार्यमा खर्च गरिने छ । तालिम कार्यक्रमलाई विषयगत तालिम संञ्चालन गरि अनावश्यक तालिमहरुलाई निरुत्साहित गरिने छ ।

(२१) गरिबी निवारण कोष अर्न्तगत रहेका रिभल्वीङ्ग फण्डलाई आयमुलक कार्यमा प्रयोग गर्ने र भैरहेका स्रोतको अत्याधिक प्रतिफल हुनेगरी संञ्चालन गरिनेछ ।

(२२) शिक्षा क्षेत्रको लगानी गर्दा शसर्त अनुदानमा १-१२ सम्म निःशुल्क पढाई भएकाले अव लगानी गर्दा साझा प्रकासन बाट प्रकाशित English Medium ०-५ सम्म English कै माध्यम बाट पढाउने लाई मात्र प्रोत्साहन गर्ने ।

(२३) नगरपालिका भित्र पर्यटन प्रवर्द्धन को कार्यक्रम संञ्चालन गर्दा प्राचिन मन्दिर, मुर्तीहरु संरक्षण, दरवार भग्नावशेषहरुको संरक्षण, सामाजिक सहन सहनको संरक्षण तथा व्यवस्थापन, होमस्टे, पदैल मार्गको व्यवस्थापन जस्ता कार्यहरुलाई अगाडी बढाउने गरि संञ्चालन गर्ने ।

**११**. यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।